कर्णाली प्रदेश सरकार

# भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत

पत्र संख्या: २०८२/८३
चलानी नं. ६६०

मिति: २०८३/०१/३०
ने.सं. ११४६ वछलागा ११, बुधबार

**विषय: बेरुजु फछ्र्यौट र सम्परिक्षण सम्बन्धमा।**

श्री पूर्वाधार विकास निर्देशनालय, सुर्खेत।
श्री पूर्वाधार विकास कार्यालयहरु, सबै।
श्री यातायात व्यवस्था/सेवा कार्यालयहरु, सबै।
श्री प्रादेशिक तथा स्थानीय सड्क सुधार आयोजना, प्रादेशिक आयोजना व्यवस्थापन एकाई, सुर्खेत।
श्री ग्रामीण सड्क सञ्जाल सुधार आयोजना, आयोजना कार्यान्वयन एकाई, सुर्खेत।

प्रस्तुत विषयमा यस मन्त्रालय अन्तर्गतका तहाँ निर्देशनालय/कार्यालय/आयोजना कार्यालयहरुको आ.व. २०८१/०८२ को महालेखा परिक्षकको कार्यालय, प्रादेशिक लेखापरिक्षण महानिर्देशनालय कर्णाली प्रदेशको मिति २०८३/०१/२८ चलानी नं. ५५ को आठौँ वार्षिक प्रतिवेदन, कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३६ (४) एवं ३६ (५) अनुसार प्राप्त भै आएकाले सोही ऐनको दफा ३८ मा लेखापरिक्षणबाट औल्याइएको बेरुजुका सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपर गरी फछ्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोवारमा संलग्न पदाधिकारीको हुनेछ भन्ने प्रष्ट उल्लेख समेत भएकाले साथै कर्णाली प्रदेश सभा सार्वजनिक लेखा समितिको मन्त्रालयगत छलफलमा समेत यसबारे विशेष चासो, चिन्ता एवं उच्च प्राथमिकता राखेकाले तहाँ निर्देशनालय/कार्यालय/आयोजना कार्यालयको नियमित, असुल उपर र पेश्की बेरुजु फछ्र्यौट तथा सम्परीक्षणमा विशेष चासो तथा अग्रसरता लिनुहुन साथै Running Contract भए सोबाट अन्यको हकमा धरौटीबाट एवं व्यक्तिगत असुल बेरुजु भए तलबभत्ताबाट असुल गरी बेरुजु फछ्र्यौट कार्यलाई उच्च प्राथमिकताका साथ पहल गरी सोको नियमित जानकारी मन्त्रालयलाई प्रत्येक १५/१५ दिनमा जानकारी गराउन हुन निर्देशनुसार अनुरोध छ।

(प्रेम बहादुर वली)
सि.डि.ई.

**बोधार्थ:**

श्री कर्णाली प्रदेश सभा, सार्वजनिक लेखा समिति।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश, सुर्खेत।